# लिलाम विक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८१/३/१४ गते**

यस महालक्ष्मी विकास बैंक लि. को तपसिलमा उल्लेखित शाखाहरुबाट तपाईं ऋणीहरुले आफ्नो व्यवसायिक/व्यक्तिगत कार्यको लागि प्राप्त गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न **मिति २०८०/१०/१९ र मिति २०८०/०२/०८ गते कारोबार दैनिक र अन्नपूर्ण पोस्ट् पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित** गरि ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई जानकारी गराउँदा समेत कर्जाको साँवा, व्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल, अचल सम्पत्ति, जग्गाहरु तथा सो जग्गामा बनेको घर टहरा पर्खाल आदि र सो समेतले चर्चेको सम्पूर्ण लिगलगापात समेत जहाँ जे जस्तो अबस्थामा छ सोही अबस्थामा यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि १५ दिने लिलाम विक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान समेत गरिएको छ । सो अवधिमा ईच्छुक महानुभावहरुले गोप्य शिलवन्दी बोलपत्रद्धारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम वोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ । सूचना बमोजिम कसैको पनि बोलपत्र पर्न नआएमा धितो सुरक्षण रहेका सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम पुनः लिलाम बिक्री गर्न वा बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

## सिमरा शाखा

**(१) ऋणी : श्री कृष्ण साह (ना.प्र.नं. : २३७२ जारी मिति र जिल्ला : २०४४/११/११, बारा)**
**बाबु : रामदेव साह बाजे : ढोडा साह**
**साबिकको ठेगाना : बारा जिल्ला फत्तेपुर गा.वि.स. वडा नं.-७**
**हालको ठेगाना : बारा जिल्ला जितपुर सिमरा उपमहानगरपालिका वडा नं.-११**

**व्यक्तिगत जमानीकर्ताहरु :**

| | | | |
|---|---|---|---|
| **क. कृष्ण साह** | **बाबु : रामदेव साह** | **बाजे : ढोडा साह** | |
| **ख. लालमती कनुईन** | **पति : कृष्ण साह** | **ससुरा : रामदेव साह** | **बाबु : द्धारिका साह कानू** |
| **ग. रिमेश साह** | **बाबु : कृष्ण साह** | **बाजे : रामदेव साह** | |

**कर्जा शिर्षक : कृषि कर्जा**

**धितो सुरक्षणको विवरण :** श्री ढोडा साहको नाती, रामदेव साहको छोरा, बारा जिल्ला फत्तेपुर गा.बि.स. वडा नं.-७, हाल बारा जिल्ला जितपुरसिमरा उपमहानगरपालिका वडा नं.-११, बस्ने कृष्ण साहको नाममा मालपोत कार्यालय बारा, सिमरामा दर्ता रहेको बारा जिल्ला, फत्तेपुर गा.बि.स. वडा नं. ७ स्थित कित्ता नं. ५९ जम्मा क्षेत्रफल क्रमशः १-३-५ को जग्गा, घर तथा सोमा रहेको सम्पूर्ण लिगलगापात समेत ।

## तुलसीपुर शाखा

**१. ऋणी : प्राप्ती सेल एण्ड फेन्सी (प्रो. श्रीजना न्यौपाने)**
**दर्ता नं. : १४७६४/११४२ दर्ता मिति : २०७७/११/१०**
**फर्मको ठेगाना : तुलसीपुर उ.म.न.पा. वडा नं. ०५, दाङ**

**व्यक्तिगत जमानीकर्ताहरु :**

**क. श्रीजना न्यौपाने (ना.प्र.नं. : ५२२०२९/२२१८ जारी मिति र जिल्ला : २०६४/०८/२५, दाङ)**
**बाबु : नोखी राम न्यौपाने ससुरा : डिल्ली राज लामिछाने पति : घनश्याम लामिछाने**

**ख. घनश्याम लामिछाने (ना.प्र.नं. ८२०/१२६४ जारी मिति र जिल्ला : २०५७/०२/०३, दाङ)**
**बाबु : डिल्ली राज लामिछाने बाजे : लिलाधर लामिछाने पत्नी : श्रीजना न्यौपाने**

**ठेगाना : तुलसीपुर उ.म.न.पा. वडा नं. ०५, दाङ**
**कर्जा शिर्षक : महालक्ष्मी व्यापारिक कर्जा**

**धितोमा रहेको सम्पत्तिको विवरण :** लिलाधर लामिछानेको नाति, डिल्ली राज लामिछानेको छोरा दाङ जिल्ला टरीगाउँ गा.बि.स. वडा नं. ०६, स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुलसीपुर उ.म.न.पा. वडा नं. ०५, भएको वर्ष ४१ को घनश्याम लामिछाने, ना.प्र.प.नं. ८२०/१२६४ जारी मिति २०५७/०२/०३, दाङ) को नाममा मालपोत कार्यालय दाङमा दर्ता कायम रहेको दाङ जिल्ला टरीगाउँ गा.बि.स. वडा नं. ६/ख, स्थित कित्ता नं. १५३१ को क्षेत्रफल १०४८.६४ ब.मी. को जग्गा र सोले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट तोकेको शुल्क तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र साथ आफुले बोलकवोल गरेको अंकको १० प्रतिशत नगद/बैंक ग्यारेण्टी/गुड फर पेमेण्ट चेक बैंकको खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्ने छ ।
३. बोलपत्र स्विकृतवालाले बैंकले तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ । अन्यथा धरौटी जफत हुने छ ।
४. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने राजस्व लगायत सम्पूर्ण खर्च बोलकबोलदाताले नै व्योहर्नु पर्नेछ ।
५. कारणबस सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्टको मिति कायम हुनेछ ।
६. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क गर्नु हुन ।
७. बोलपत्र स्विकृत/अस्विकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
८. शर्त सहितको बोलपत्र स्वीकार गरीने छैन ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१/३/२८ गते शुक्रबार (कार्यालय समय भित्र)**
**खोलिने मिति : २०८१/३/३० गते आईतबार दिनको २ :०० बजे (मिति : २०८१/३/२९ गते सार्वजनिक बिदा परेकाले)**
**स्थान : महालक्ष्मी विकास बैंक लि.को शाखा कार्यालयहरुमा**

**महालक्ष्मी विकास बैंक लि.**
**Mahalaxmi Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९

**कर्जा असूली विभाग** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५९१९२१९/५९११५१९/२०

सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

Size: 3x30